१६०४/१२१६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ६५९/२०७२/०७३

निर्णय नं. १२१६

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ३ कचिँडे घर भई हाल धनकुटा वहुमुखी क्याम्पस, धनकुटामा कार्यरत ठाकुरप्रसाद बराल ............................................................१ पुनरावेदक

**विरुद्ध**

कार्यालय प्रमुख, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा ................................................१ विपक्षी
सूचना अधिकारी, धनकुटा वहुमुखी क्याम्पस, धनकुटा

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।**

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ३ कचिँडे घर भई हाल धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा कार्यरत ठाकुरप्रसाद बरालले धनकुटा वहुमुखी क्याम्पस, धनकुटा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।३२ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी धनकुटा वहुमुखी क्याम्पस, धनकुटाको प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. धनकुटा बहुमुखी क्याम्पस कम्पाउण्ड भित्र रहेका करीव ५०० रुद्राक्षको यस वर्षको फल बिक्री गर्न क्याम्पस कार्य समितिले गरेका निर्णयहरु र बिक्री गर्दा अपनाइएका प्रक्रिया, टेण्डर कोटेशन तथा लिलाम बढावढ भएका कागजातहरुका विवरण ।

२. त्रि वि बाट आ व २०७१/७२ को लेखा परीक्षण पश्चात् दिएका निर्देशनहरुका विवरण ।

३. क्याम्पसका नाममा झापा बैगुन्धुरामा रहेका जग्गाबाट २०७२ सालको बाली उठाउँदाको प्रक्रिया, बालीबाट उठेको रकम र गौरादह एवं दमक उद्योग वाणिज्य संघले उपलब्ध गराएको दरसम्बन्धी विवरणहरु ।

४. क्याम्पसका नाममा रहेको बैंक मौज्दात रकमको विवरण ।

५. क्याम्पसको १५ नम्बर हलमा पुस्तकालय सार्ने निर्णयको विवरण ।

(यशोदादेवी तिम्सिना)
**सूचना आयुक्त**

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असार १९ गते रोज १ शुभम् ।